रू.जि.प्र.शा.का. द.नं. ५६, ०५७/०५८
रू.जि.हु.द.नं. २३, ०६५/०६६
राष्ट्रिय दैनिक मेचीकाली सन्देश
Mechikali Sandesh National Daily

जनउत्थान सहकारीले पायो एशियाली स्तरको एक्सेस सिल्भर ब्रान्ड

■ मिलन गाहा

बुटवल, साउन २७ । तिलोत्तमा-९, रुपन्देहीस्थित जनउत्थान बचत तथा ऋण सहकारी संस्था लिमिटेड (साकोस) ले एशियाली स्तरको प्रतिष्ठित 'एक्सेस सिल्भर ब्रान्ड २०२५' प्राप्त गरेको छ । एशियाली क्रेडिट युनियन महासंघको प्राविधिक सहजीकरणमा नेपालका सहकारीहरूको छाता संगठन नेफ्स्कुनद्वारा सञ्चालित एक्सेस कार्यक्रमअन्तर्गत चार आयाममा उत्कृष्ट अंक ल्याउँदै यो उपलब्धि हासिल गरेको हो ।

यसअघि पनि ब्रान्ज र सिल्भर श्रेणीमा पुरस्कार पाइसकेको जनउत्थानलाई यसपटक 'Access Silver Brand' शीर्षकमा सम्मान गरिएको हो । एशियाली क्रेडिट युनियन महासंघले २०२५ अगस्ट ७ मा सम्पन्न लेखापरीक्षणको परिणाम सार्वजनिक गर्दै नेतृत्व र विकास, आन्तरिक सुशासन, वित्तीय अवस्था तथा सदस्यताको स्थितिसहितका चार मापदण्डमा जनउत्थानले उत्कृष्ट प्रदर्शन गरेको जनाएको छ ।

साकोसका कार्यकारी प्रमुख रणबहादुर थापाका अनुसार यी सबै मापदण्ड पूरा गर्नु संस्थाको सुशासन र सुदृढ वित्तीय व्यवस्थापनको प्रमाण हो । २०६५ सालदेखि निरन्तर सञ्चालन हुँदै आएको एक्सेस कार्यक्रममा यो वर्ष नेपालबाट सिल्भर ब्रान्ड प्राप्त गर्ने एकमात्र साकोस जनउत्थान बनेको छ । यो खुशी सहकारीसँग सम्बन्धित सबै अभियानकर्तामा प्रवाह गर्न चाहेको प्रमुख थापाले बताए । सिमान्तकृत समुदाय र युवाहरुलाई साना व्यवसाय सुरु गर्न सहयोग गर्दै स्वरोजगार सिर्जनामा जनउत्थानले महत्वपूर्ण योगदान पुऱ्याउँदै आएको छ । हाल यस संस्थामा करिब ३९ हजार सदस्य, ५ अर्ब रुपैयाँ बराबरको सम्पत्ति, ३ अर्ब ५० करोड रुपैयाँ हाराहारीको बचत, २९ करोड रुपैयाँको सेयर पुँजी र झण्डै ३५ करोड रुपैयाँको जगेडा कोष रहेको छ । यो सहकारीलाई यसक्षेत्रका अब्बल सहकारी मध्येमा लिइन्छ । यसले ऋण लगानी करिब १ अर्ब १० करोड रुपैयाँ र ६ हजारभन्दा बढी रोजगारी सिर्जना गरेको छ । यो सबैको मेहनतले आर्जेको संस्थाको उपलब्धि मानिएको साकोसका अध्यक्ष गिरीप्रसाद पुन बताउँछन् ।

विसं.२०५९ सालमा ३१ जना सदस्यबाट स्थापना भएको जनउत्थानमा हाल ८९ जना प्रत्यक्ष कर्मचारी कार्यरत छन् । रुपन्देही जिल्लाभरि फैलिएका १० शाखा कार्यालयमार्फत सेवा दिइँदै आएको छ । अध्यक्ष पुनले यो उपलब्धिलाई संस्थाको पारदर्शी वित्तीय व्यवस्थापन र उत्पादन क्षेत्रमा गरिएको लगानीको परिणाम भएको भन्दै कार्यकारी प्रमुखदेखि सबै कर्मचारीसम्मको प्रशंसा गरे । यो वर्ष एशियामा पाँच सहकारीले मात्र एक्सेस ब्रान्ड पाएका छन् । जनउत्थानसँगै इन्डोनेशियाको 'सौन सिबारुङ्ग क्रेडिट युनियन' ले पनि यसपटक सम्मान पाएको छ । एशियाली क्रेडिट युनियन महासंघले आउँदो सेप्टेम्बर १२, २०२५ मा फिलिपिन्सको मनीलामा आयोजना हुने एशियाली क्रेडिट युनियन फोरम २०२५ को उद्घाटन समारोहमा औपचारिक रूपमा प्रमाणपत्र प्रदान गर्नेछ ।

लुम्बिनी वाणिज्य क्याम्पसलाई लगातार तेस्रोपटक क्यूएए

बुटवल, साउन २७ (मेसस) । नेपालकै नमुना सामुदायिक क्याम्पसको रुपमा परिचित लुम्बिनी वाणिज्य क्याम्पसले विश्वविद्यालय अनुदान आयोग नेपालबाट तेस्रोपटक गुणस्तर सुनिश्चितता तथा प्रत्यायन (क्यूएए) प्राप्त गरेको अवसरमा बुटवलमा प्रभातफेरी कार्यक्रम गरेको छ । क्याम्पस प्राङ्गणबाट सुरु भएको प्रभातफेरी तिनकुने, इटाभट्टी, पुष्पलाल पार्क, मिलनचोक, राजमार्ग चौराह, कालिका चोक, होराइजन चोक हुँदै क्याम्पस प्रांगणमा आएर समापन भएको थियो । प्रभातफेरीमा बुटवल उपमहानगरपालिकाका नगरप्रमुख खेलराज पाण्डेय, वडा नं. ११ का वडा अध्यक्ष रामचन्द्र क्षेत्री, क्याम्पस व्यवस्थापन समितिका अध्यक्ष सुरेन्द्रप्रसाद श्रेष्ठ, क्याम्पस प्रमुख प्रा.डा.ताराप्रसाद उपाध्याय, बुटवल उद्योग वाणिज्य संघका अध्यक्ष हरि अर्याल, नेपाल पत्रकार महासंघ रुपन्देहीका अध्यक्ष दिनेश पाण्डे, विभिन्न संघसंस्थाका अध्यक्ष एवं प्रतिनिधि क्याम्पस सञ्चालक समितिका सदस्यहरु, क्याम्पसका प्राध्यापकहरु, विद्यार्थी, अभिभावक एवं शुभचिन्तकहरुको उपस्थिति रहेको थियो ।

लुम्बिनी वाणिज्य क्याम्पसका क्याम्पस प्रमुख प्रा.डा. ताराप्रसाद उपाध्यायले लगातार तेस्रोपटक सम्म क्यूएए प्राप्त गर्ने वाणिज्य क्याम्पस नेपालमै पहिलो भएको बताए । उनले क्याम्पसलाई विश्वविद्यालय बनाउने गरी योजना बनाएको समेत बताए । क्याम्पसले क्यूएए प्राप्त गर्नुअघि अन्तिम चरणको मूल्यांकन गर्न विदेशी विज्ञसहितको पूर्ण परीक्षण भ्रमण टोलीले २०८१ पौष २२ गतेदेखि २६ गतेसम्म १२० सूचकभित्र रहेर सरोकारवालाहरुसँग छलफल तथा अन्तर्क्रिया सम्पन्न गरेको थियो ।

विश्वविद्यालय अनुदान आयोग नेपालको टोलीले क्याम्पसमा अध्ययनरत विद्यार्थी कार्यरत कर्मचारी, प्राध्यापनरत प्राध्यापक, अभिभावक, क्याम्पस सञ्चालक समिति, स्ववियु, भूपू विद्यार्थी, विभिन्न कार्यक्रमका डाइरेक्टर तथा इन्चार्ज, विभिन्न समूहका संयोजक, विभागीय प्रमुख, रोजगारदाता,स्थानीयसमाजसेवीलगायत सरोकारवाला पक्षहरुसँग छुट्टाछुट्टै छलफल तथा अन्तर्क्रिया गरी आफ्नो प्रतिवेदन विश्वविद्यालय अनुदान आयोग नेपालको शैक्षिक गुणस्तर सुनिश्चितता तथा प्रत्यायन परिषद्मा बुझाएको थियो ।

त्रिभुवन विश्वविद्यालयबाट सम्बन्धन प्राप्त गरी वि.सं. २०३८ सालमा स्थापित यस क्याम्पसले विश्वविद्यालय अनुदान आयोगबाट पहिलोपटक वि.सं. २०६८ सालमा क्यूएए प्रमाणपत्र प्राप्त गरेको थियो । त्यस्तै वि.सं.२०७५ सालमा पुनः दोस्रोपटक क्यूएए प्रमाणपत्र प्राप्त गरेको थियो भने वि.सं. २०७५ र वि.सं. २०८० सालमा सर्वोत्कृष्ट सामुदायिक क्याम्पसको रुपमा नेपाल सरकारबाट पुरस्कृत भएको थियो । त्यस्तै क्याम्पस वि.सं. २०७६ सालमा लुम्बिनी प्रदेश, प्रदेश प्रज्ञा पदक द्वितीयबाट विभूषितसमेत भएको थियो । उच्च गुणस्तरीय शिक्षामा अब्बल रहेको क्याम्पसले पटकपटक विश्वविद्यालय प्रथम, दोस्रो, तेस्रोसमेत हुने गरेको छ भने क्याम्पसले त्रिभुवन विश्वविद्यालयको प्राज्ञिक स्वायत्तताअन्तर्गत पाँचवटा स्वायत्त कार्यक्रमहरु सञ्चालन गरेर विश्वविद्यालयको जग तयार पार्ने काम गरिरहेको छ । हाल क्याम्पसमा करिब ४ हजार विद्यार्थीहरु, ४८ जना प्राध्यापक र २५ जना कर्मचारी रहेका छन् ।

श्रमिकलाई सामाजिक सुरक्षाबारे अभिमुखीकरण

बुटवल, साउन २७ (मेसस) । क्युपेक नेपालको आयोजनामा बुटवलमा सामाजिक सुरक्षा, जलवायु परिवर्तन र गुनासो सम्बोधन विषयक दुई दिने अभिमुखीकरण तथा प्रशिक्षण सम्पन्न भएको छ । समारोहको उद्घाटन गर्दै जिफन्टका राष्ट्रिय सचिव हरि कार्कीले देश विकासमा महत्वपूर्ण योगदान दिइरहेका श्रमिकहरू अझै आफ्नो सुरक्षाबाट वञ्चित रहनुपरेको उल्लेख गर्दै सरकारको ध्यान यसतर्फ जानुपर्ने बताए ।

सामाजिक सुरक्षा कार्यालय बुटवलका प्रमुख खेम कार्कीले सामाजिक सुरक्षामा आवद्धता प्रक्रियाबारे विस्तृत जानकारी दिँदै, श्रमिकको अंगभंग वा मृत्यु भएमा आजीवन पेन्सनसहितका सुविधा रहेको बताए । स्थानीय सरकारबाट आबद्ध श्रमिकको तथ्याङ्कका आधारमा बजेट बिनियोजन भइरहेको उनले जानकारी दिए ।

क्युपेककी केन्द्रीय अध्यक्ष शान्ता बस्नेतले असंगठित क्षेत्रमा रहेका श्रमिकहरू न्यूनतम सेवासुविधाबाट वञ्चित रहेको बताउँदै, श्रमिकको अधिकारका लागि परिचयपत्र, गास, बास, कपास, शिक्षा, स्वास्थ्य तथा बेरोजगार भत्ताको माग राख्दै आएको बताइन् ।

उनका अनुसार देशका ९ पालिकाबाट श्रमिक सूचिकृत गर्ने तथा सामाजिक सुरक्षामा आवद्ध गराउन बजेट बिनियोजन भएको छ । हाल देशभर १ लाख ८७ हजार ७८७ श्रमिक क्युपेकमा आवद्धता रहेको उनले बताइन् । कार्यक्रममा क्युपेक रुपन्देहीका अध्यक्ष गंगाराम सुनार, केन्द्रीय सचिव कृतिनिधि विष्ट, केन्द्रीय सदस्य डिलकराम डुम्रेलगायतको सहभागिता रहेको थियो ।

रुपन्देही ...

एमाले रुपन्देहीका अध्यक्ष यज्ञ गैरेको अध्यक्षता तथा पार्टीका पोलिटब्युरो सदस्य तथा जिल्ला इन्चार्ज लिला गिरीको प्रमुख आतिथ्यतामा बसेको बैठकमा नेताहरू दधिराम न्यौपाने, खिमलाल भट्टराई, शिवराज सुवेदी, सावित्रा अर्याल, गुमादेवी आचार्य, कमल गौतम, विष्णु पन्थी, राधाकृष्ण कँडेल लगायतको उपस्थिति थियो । बैठकमा जिल्ला कमिटीका उपाध्यक्ष हितराज पन्थीले स्वागत र सचिव चित्र बहादुर कार्कीले सञ्चालन गरेका थिए ।

सुनसान ...

उनका अनुसार भैरहवामा श्रम स्वीकृति, भीसा सेवा, स्वास्थ्य परीक्षण, म्यानपावर, विमानबाट ओहोरदोहोर गर्ने यात्रीका लागि सामान्य चिया, कफी, पानी पिउने र बैंकका सुविधा छैनन् ।

यता विमानस्थलबाट नियमित अन्तर्राष्ट्रिय उडानका लागि सरकारमाथि दबाब सिर्जना गर्न सिद्धार्थनगर नगरपालिकाका प्रमुख इश्तियाक अहमद खाँको संयोजकत्वमा संघर्ष समिति गठन गरिएको छ । आइतबार भैरहवामा आयोजित निजी क्षेत्र र संघ-संस्थाबिचको छलफलपछि खाँको संयोजकत्वमा 'गौतमबुद्ध विमानस्थल नियमित सञ्चालनका लागि संघर्ष' समिति गठन गरिएको हो । छलफलमा सहभागी निजी क्षेत्र र सरोकारवालाले अब संघर्ष गरेर जानुपर्ने निचोड निकालेपछि समिति गठन गरिएको सिद्धार्थ उद्योग वाणिज्य संघका अध्यक्ष नेत्रप्रसाद आचार्यले बताए । समितिको सहसंयोजकमा सिद्धार्थनगरका उपप्रमुख उमा अधिकारी र सदस्यमा सिद्धार्थ होटल संघ नेपालका अध्यक्ष चन्द्रप्रकाश श्रेष्ठ, सिद्धार्थ उद्योग वाणिज्य संघ अध्यक्ष आचार्य, उद्योग व्यापार संगठन (चेम्बर अफ कमर्श), रुपन्देहीका अध्यक्ष दर्पण श्रेष्ठ छन् । त्यस्तै सिद्धार्थ उद्योग वाणिज्य संघका पूर्वअध्यक्ष महेन्द्रकुमार श्रेष्ठ, संघकै पूर्वअध्यक्ष तथा पर्यटन व्यवसायी विष्णुप्रसाद शर्मा र सिद्धार्थ सञ्जाल, रुपन्देहीका अध्यक्ष अनिलकुमार ज्ञवाली सदस्य छन् । समितिले कम्तिमा एक साताभित्र विमानस्थल सञ्चालनमा देखिएका समस्या, समाधानका उपाय र संघर्षका कार्यक्रमबारे खाका तयार पार्ने छ । यसपछि बृहत् पत्रकार सम्मेलन गरी आन्दोलनका कार्यक्रम घोषणा गरिने छ । यसपछि सबै पार्टीका जिल्लास्थित र केन्द्रका नेताहरुलाई भेट गरी ध्यानाकर्षण गराइने छ । यसपछि विमानस्थल नियमित सञ्चालनमा नआउँदासम्म निरन्तर दबावका कार्यक्रम गरिने नगर प्रमुख खाँले बताए ।

काठ र दाउरा बोलपत्रद्वारा लिलाम बिक्रीको सूचना

पहिलो पटक सूचना प्रकाशनः मिति २०८२/०४/२८

बुद्धयशोधरा सामुदायिक वन उपभोक्ता समूह, बुद्धभुमी न.पा-९, कपिलवस्तुले स्वीकृत वन व्यवस्थापन कार्ययोजना बमोजिम डिभिजन वन कार्यालय, कपिलवस्तु (गौतमबुद्ध) को संकलन सहमति अनुसार आ.व. ०७६/०७७ मा संकलन गरी उत्पादन भएका काठ/दाउरा मध्येडिभिजन वन कार्यालय, कपिलवस्तु (गौतमबुद्ध) को चलानी नं. ४००७ मिति २०८२।०३।२६ को बाह्रा बिक्रि वितरण सहमति बमोजिम सा.व.उ.स.को घाटगट्टीमा विभिन्न लटहरु बनाई राखिएको साल जातको गोलिया थान २६४ को परिमाण १४२८.४६ घ.फि. काठ जे जस्तो अवस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानुपर्ने गरी लिलाम बिक्री गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ । रितपुगेका इच्छुक वन पैदावारमा आधारित (काठ/दाउरा) संचालनमा रहेका उद्योगहरुले मात्र यो सूचना प्रकाशित भएको मितिले २१ दिन सम्ममा बोल पत्र खरिद गरि २२ औं दिन भित्रमा प्रत्येक लटको छुट्टा छुट्टै सिलवन्दी बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ । यस सम्बन्धी विस्तृत जानकारीको लागि यस सामुदायिक वन उपभोक्ता समूहको कार्यालयमा सम्पर्क राख्न सकिने छ । पूर्ण ब्यहोराको सूचना यस सामुदायिक वन उपभोक्ता समूहको कार्यालयको सूचना पाटीमा टाँस गरिएको व्यहोरा अनुरोध छ ।

श्री बुद्धयशोधरा सामुदायिक वन उपभोक्ता समूह
बुद्धभुमी न.पा-९, कपिलवस्तु

सम्पत्ति विवरण बुझाऔं

- सार्वजनिक पद धारण गरेको व्यक्तिले आर्थिक वर्ष समाप्त भएको ६० दिनभित्र सम्बन्धित निकायमा सम्पत्ति विवरण बुझाइसक्नु पर्छ,
- राजिनामा वा अनिवार्य अवकास भई सेवा निवृत हुनेले समेत सेवा निवृत्त हुने आ.व. सम्मको सम्पत्ति विवरण बुझाउनु पर्छ,
- प्रदेश वा स्थानीय तहमा रहेका सार्वजनिक पद धारण गर्ने व्यक्ति तथा कर्मचारीले आफू कार्यरत कार्यालयमार्फत सम्बन्धित प्रदेशको मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा सम्पर्त्ति विवरण बुझाउनु पर्छ,
- करारमा कार्यरत कर्मचारीले कार्यरत निकायमै सम्पत्ति विवरण बुझाउनु पर्छ,
- सम्पत्ति विवरण बुझाउने दायित्व सम्बन्धित व्यक्तिको हो,
- समयमा सम्पत्ति विवरण नबुझाउनेलाई कानून बमोजिम जरिवाना हुन्छ ।
- "त्यसैले समयमै सम्पत्ति विवरण बुझाऔं, सुशासनमा सहयोग गरौं" ।

नेपाल सरकार
विज्ञापन बोर्ड

कर्जा चुक्ता भुक्तानी गर्ने सम्बन्धी ३५ (पैंतिस) दिने अत्यन्त जरुरी सूचना

(प्रकाशित मिति २०८२ साल साउन महिना २८ गते बुधबार)

यस विकास बैंकको विभिन्न शाखा कार्यालयहरु बाट तपशिलमा उल्लेखित ऋणीहरुले विभिन्न कर्जा शीर्षक अर्न्तगत लिएको कर्जाको साँवा, ब्याज र अन्य दै दस्तुर समेत तिर्ने बुझाउने सम्बन्धमा बैंकसंग गरेको शर्त कबुलियत उल्लंघन गर्नु भएको र बैंकबाट पटक पटक मौखिक तथा लिखित रुपमा तरताकेता गर्दा समेत सो कर्जाको तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज तथा हर्जाना समेत चुक्ता भुक्तान गर्न आउने तर्फ कुनै चासो नदेखाउनु भएको र नआउनु भएकोले यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतिस) दिन भित्रमा बैंकलाई तिर्न बुझाउनु पर्ने सम्पूर्ण साँवा, ब्याज तथा हर्जाना ब्याज समेत चुक्ता भुक्तान गर्न आउनुहुन यो सूचना प्रकाशित गरिएको छ । यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र यस संस्थामा सम्पर्क राखी संस्थाबाट लिएको कर्जाको सम्पूर्ण सावां, ब्याज र अन्य दै दस्तुर चुक्ता भुक्तान गर्नु होला । उक्त अवधि भित्र तपाईले यस संस्थाबाट लिएको कर्जाको साँवा, ब्याज र अन्य दै दस्तुर चुक्ता भुक्तान नगरेमा तपाई तथा तपाईको एकाघरसंगोलका अंशियार सदस्यहरुको नाममा रहेको चल अचल सम्पत्ति बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ को दफा ५७ उपदफा १ ले दिएका अधिकार प्रयोग गरी लिलाम बिक्री गरी संस्थाले आफ्नो सम्पूर्ण लेना रकम असुल उपर गरी लिने व्यहोरा अवगत गराउंदछौं । सो मार्फत पनि संस्थाको सम्पूर्ण लेना रकम असूल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३, बैंक तथा वित्तीय संस्था ऋण असूली ऐन २०५८ र सोको नियमावली तथा प्रचलित कानून अनुसार ऋणी तथा व्यक्तिगत धनजमानीकर्ताको अन्य चल अचल जायजेथा श्रीसम्पत्तिबाट बांकी साँवा, ब्याज हर्जाना तथा अन्य दै दस्तुर असूल उपरका लागि अन्य कानूनी प्रकृया अगाडी बढाईने व्यहोरा ऋणी तथा धनजमानीकर्ताहरु तथा सम्बन्धित सबैलाई यो सूचना मार्फत सूचित गरिन्छ । साथै उक्त अवधि भित्र कर्जा चुक्ता नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ५७ को उपदफा ११ अनुसार ऋणी र व्यक्तिगत धनजमानीकर्ताको तीन पुस्ते विवरण कर्जा सूचना केन्द्र लि.को कालो सूचीमा नाम समावेश गरिने व्यहोरा समेत जानकारी गराईन्छ ।

तपशिल

१) शाखा कार्यालय : भुमही शाखा — **कर्जा शीर्षक : साधारण कर्जा**

ऋणीको विवरण
इन्द्र बहादुर श्रेष्ठको बुहारी नारायण श्रेष्ठको पत्नी नवलपरासी जिल्ला सुनवल न.पा. वडा नं. ६ बस्ने **बिन्दा श्रेष्ठ** (ना.प्र.नं. : ५५५१४ जारी मिति र जिल्ला : २०५७/०४/२३, नवलपरासी)
व्यक्तिगत धनजमानीकर्ताहरुको विवरण
१) सिद्धि बहादुर श्रेष्ठको नाति इन्द्र बहादुर श्रेष्ठको छोरा नुवाकोट जिल्ला बुधसिङ्ग वडा नं. ६ हाल नवलपरासी जिल्ला सुनवल न.पा. वडा नं. ६ बस्ने **नारायण श्रेष्ठ** (ना.प्र.नं. : ८९५२८ जारी मिति र जिल्ला : २०६०/०९/१५, नुवाकोट)
२) डमबर बहादुर घलेको छोरी देवीलाल गुरुङको बुहारी मनीलाल गुरुङको पत्नी सिन्धुपाल्चोक जिल्ला चौतारा वडा नं. ८ हाल, नवलपरासी जिल्ला सुनवल न.पा. वडा नं. ६ बस्ने **सृजना घले** (ना.प्र.नं. : २४१०४७/२२७३ जारी मिति र जिल्ला : २०६४/०४/३२, सिन्धुपाल्चोक)

२) शाखा कार्यालय : भुमही शाखा — **कर्जा शीर्षक : साधारण कर्जा**

ऋणीको विवरण
माधव प्रसाद ज्ञवालीको नाति निर्मल ज्ञवालीको छोरा गुल्मी जिल्ला रुरु वडा नं. ६ हाल, नवलपरासी जिल्ला सुनवल न.पा. वडा नं. ४ बस्ने **महेश ज्ञवाली** (ना.प्र.नं. : ५५१२० जारी मिति र जिल्ला : २०६२/०८/१४, गुल्मी)
व्यक्तिगत धनजमानीकर्ताहरुको विवरण
डालाकान्ता पाण्डेको छोरी निर्मल ज्ञवालीको बुहारी महेश ज्ञवालीको पत्नी गुल्मी जिल्ला वीरबास वडा नं. ५ हाल, नवलपरासी जिल्ला सुनवल न.पा. वडा नं. ४ बस्ने **कोपीला पाण्डे** (ना.प्र.नं. : ४१३०१६/२१६ जारी मिति र जिल्ला : २०६३/११/२४, गुल्मी)

३) शाखा कार्यालय : भुमही शाखा — **कर्जा शीर्षक : साधारण कर्जा**

ऋणीको विवरण
नन्द बहादुर क्षेत्रीको छोरी झपेन्द्र बहादुर खड्काको बुहारी रबिन्द्र खड्काको पत्नी रुपन्देही जिल्ला शंकरनगर वडा नं. २ हाल, नवलपरासी जिल्ला सुनवल न.पा. वडा नं. ६ बस्ने **मेनुका क्षेत्री** (ना.प्र.नं. : २३०४९ जारी मिति र जिल्ला : २०६०/०८/०९, रुपन्देही)
व्यक्तिगत धनजमानीकर्ताहरुको विवरण
१) नर बहादुर खड्काको नाति झपेन्द्र बहादुर खड्काको छोरा पाल्पा जिल्ला बल्डेङगढी गा.वि.स. वडा नं. ५ हाल, नवलपरासी जिल्ला सुनवल न.पा. वडा नं. ६ बस्ने **रविन्द्र खड्का** (ना.प्र.नं. : ३९-०१-७०-०३२६७ जारी मिति र जिल्ला : २०७०/०५/०२, पाल्पा)
२) जितवहादुर क्षेत्रीको छोरी नैन बहादुर घिमीरेको बुहारी मनोज घिमीरेको पत्नी रुपन्देही जिल्ला शंकरनगर वडा नं. २ हाल, नवलपरासी जिल्ला सुनवल न.पा. वडा नं. ४ बस्ने **सिता क्षेत्री** (ना.प्र.नं. : २३०३३ जारी मिति र जिल्ला : २०६०/०८/०८, रुपन्देही)

४) शाखा कार्यालय : हरैया शाखा — **कर्जा शीर्षक : सहुलियत कर्जा**

ऋणीको विवरण
धन सिह कँवरको नाति मन बहादुर कँवरको छोरा रुपन्देही जिल्ला सुर्यपुरा वडा नं. ५ हाल, गैडहवा गा.पा. वडा नं. ७ बस्ने **ठग बहादुर कँवर** (ना.प्र.नं. : ४/११८ जारी मिति र जिल्ला : २०४९/१२/२६, रुपन्देही)
व्यक्तिगत धनजमानीकर्ताहरुको विवरण
१) नन्द राम कँवरको छोरी मन बहादुर कँवरको बुहारी ठग बहादुर कँवरको पत्नी रुपन्देही जिल्ला सुर्यपुरा वडा नं. ५ हाल, गैडहवा गा.पा. वडा नं. ७ बस्ने **चन्द्रकला कँवर** (ना.प्र.नं. : ४/१२०८९ जारी मिति र जिल्ला : २०५८/०१/२५, रुपन्देही)
२) मन बहादुर कँवरको नाति ठग बहादुर कँवरको छोरा रुपन्देही जिल्ला सुर्यपुरा गा.वि.स. वडा नं. ५ हाल, गैडहवा गा.पा. वडा नं. ७ बस्ने **नेत्र बहादुर कुवर** (ना.प्र.नं. : ३७-०१-७३-०४५४४ जारी मिति र जिल्ला : २०७३/०४/२८, रुपन्देही)
३) मोतीलाल सुनारको नाति खीम बहादुर सुनारको छोरा रुपन्देही जिल्ला सुर्यपुरा वडा नं. ५ हाल, गैडहवा गा.पा. वडा नं. ७ बस्ने **मान बहादुर सुनार** (ना.प्र.नं. : २९८५ जारी मिति र जिल्ला : २०४६/१२/०५, रुपन्देही)
४) हस्ते सुनारको नाति जित बहादुर सुनारको छोरा रुपन्देही जिल्ला सुर्यपुरा वडा नं. ५ हाल, गैडहवा गा.पा. वडा नं. ७ बस्ने **शेर बहादुर सुनार** (ना.प्र.नं. : १९८७२ जारी मिति र जिल्ला : २०६२/०७/२२, रुपन्देही)

"नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजतपत्र प्राप्त राष्ट्रिय स्तरको विकास बैंक"

मुक्तिनाथ विकास बैंक लि.
MUKTINATH BIKAS BANK LTD.
Winner of EUROPEAN MICROFINANCE AWARD 2020
Central Office: Lazimpat, Kathmandu, Tel.: 01-5970887, Toll Free No. (NTC): 16600149999, Toll Free No. (Ncell): 18102149999, E-mail: info@muktinathbank.com.np, Web: www.muktinathbank.com.np
जनता बैंकमा होइन, बैंक जनतामा जानु पर्दछ

ट्वाइलेट सफा गराउनु परेमा

सेफ्टी टंकी, रिङ्ग सफा गर्नु परेमा तथा सेनेटरी सम्बन्धी कुनै पनि काम गर्नु परेमा हामीलाई सम्पर्क गर्नुहोला।

गगन सेनेटरी
बुटवल, ८, सुख्खानगर, रुपन्देही
फोनः ५८६७०२१६१४, ५८१५४४७६४८
५८०४४१३२८७, ५८१६४६४१७२

ट्वाइलेट सफा गराउनुहोस्

के तपाइको घरको शिट, नाली, जाम भयो भने चिन्ता नलिनुहोस र सेनेटरी जगतमै बढी क्षमता, अत्याधुनिक प्रविधि, पावर फूल रोटर भ्याकुम पम्प, विजुली नचाहिने एक मात्र सेनेटरीलाई सम्पर्क गर्नुहोस् । लोडसेडिङको बेला पनि सेवा दिइनेछ ।

तिनाउ सेनेटरी
ट्याक्सी रिजर्वको लागि पनि सम्पर्क गर्नुहोला ।
बुटवल, १०, सुख्खानगर, रुपन्देही
फोनः ५८५७०५८८१३, ५८०७१८०८१३

ट्वाइलेट सफा गराउनुहोस्

सेफ्टी टंकी, रिङ्ग सफा गर्नु परेमा तथा सेनेटरी सम्बन्धी कुनै पनि काम गर्नु परेमा हामीलाई सम्पर्क गर्नुहोला।

पाल्पाली मगर सेनेटरी
बुटवल, १७, मोतीपुर, रुपन्देही
फोनः ५८६७१२२३५५, ५८१२५६३२२५, ५८२४४७७७७०

मेचीकाली सन्देश प्रकाशन प्रा.लि. बुटवलद्वारा प्रकाशित मेचीकाली सन्देश राष्ट्रिय दैनिकका लागिः अध्यक्ष- होमराज बस्याल, प्रधान सम्पादक- बसन्तराज खनाल, कार्यकारी प्रमुख- विष्णु गैरे
प्रधान कार्यालयः बुटवल-५, मिलनचोक, रुपन्देही, फोनः ०७१-५३६००५, ५३१५२१ (प्रशासन/विज्ञापन), ५५४०८८ (सम्पादन), Email:mechikalidaily@gmail.com (News), mechikaliadd@gmail.com (Advt.) Website: www.mechikalinews.com,मुख्य शाखा कार्यालयः भैरहवा फोनः ०७१-५७६१३६